## मानव अधिकार रक्षकहरूको काठमाडौँ घोषणापत्र २०२६
### मानव अधिकार रक्षक सम्बन्धी राष्ट्रिय सम्मेलन
### संरक्षण, ऐक्यबद्धता र न्यायको सुदृढीकरण: समुदायदेखि नीति निर्माणसम्म

मिति: २०८३ असार ७-८ (२१-२२ जुन २०२६) | काठमाडौं, नेपाल

प्रस्तावना

नेपालभरिका विभिन्न विषयगत, भौगोलिक, सङ्गठित र असङ्गठित क्षेत्रहरूको प्रतिनिधित्व गर्दै काठमाडौँमा २०२६ जुन २१–२२ सम्म आयोजित 'मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन २०२६' मा भेला भएका हामी मानव अधिकार रक्षकहरू, यस मानव अधिकार रक्षकहरूको राष्ट्रिय घोषणापत्र २०२६ लाई हार्दिकताका साथ आत्मसात् गर्दै दृढतापूर्वक समर्थन गर्दछौं:

सम्मेलनका सहभागी हामी,

न्यायप्रतिको दृढ प्रतिबद्धताबाट निर्देशित हुँदै, स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारका संरचनाहरूका बाबजुद हामी अझै पनि गम्भीर जोखिम, निरन्तर दुर्व्यवहार, संरचनागत धम्की र गम्भीर प्रत्यक्ष वा अप्रत्यक्ष हिंसाको छायामुनि क्रियाशील रहनुपरेको यथार्थलाई मनन गर्दै;

स्वतन्त्र, सुरक्षित र पूर्ण रूपमा भयरहित वातावरणमा मानव अधिकारको रक्षा गर्ने हाम्रो मौलिक अधिकारलाई जोड दिँदै, राज्यले आफ्ना संवैधानिक तथा अन्तर्राष्ट्रिय दायित्वहरू तत्काल पूरा गरोस् भनी माग गर्दै;

"नेपालमा मानव अधिकार रक्षकहरू, २०२६: समुदायदेखि नीतिसम्म संरक्षण, ऐक्यबद्धता र न्यायको सुदृढीकरण" भन्ने मूल नाराका साथ नेपालभरिका समुदाय तहका अभियन्ताहरू, नागरिक समाज सङ्गठनहरू, कानुनी विज्ञहरू, सीमान्तकृत समुदायहरू र ऐक्यबद्धता सञ्जालहरूलाई एकै ठाउँमा ल्याउँदै;

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, मानव अधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (१९९८), र अन्य अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा दस्तावेजहरू, अन्तर्राष्ट्रिय मानवीय कानुन र नेपालको संविधान प्रति हाम्रो निशर्त प्रतिबद्धतालाई पुनः सुनिश्चित गर्दै;

सम्पूर्ण नेपाली जनताको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि लोकतन्त्रको सुदृढीकरण, जवाफदेहिता सुनिश्चितता र विधिको शासनको प्रवर्द्धनमा महिला, मुस्लिम, आदिवासी जनजाति, दलित अभियन्ता, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पक्षधर, वातावरणीय रक्षक र पत्रकारहरू लगायतका मानव अधिकार रक्षकहरूले निर्वाह गरेको अमूल्य र साहसिक भूमिकालाई स्वीकार गर्दै;

केन्द्रीकृत संयन्त्रभन्दा टाढा, अन्यायको विरूद्ध अग्रपङ्क्तिमा क्रियाशील रहने र अक्सर तत्काल संरक्षणका संयन्त्रहरूमा पहुँच नहुने समुदाय तहका मानव अधिकार रक्षकहरूले भोग्नुपरेका गम्भिर र चरम किसिमका जोखिमहरूलाई आत्मसात् गर्दै;

नेपालमा मानव अधिकारका कार्यहरू स्वतन्त्र र सुरक्षित रूपमा सञ्चालन गर्न बाधा पुऱ्याउने शरीर, सम्पत्ति र परिवारमाथिका निरन्तर धम्की, प्रत्यक्ष तथा अप्रत्यक्ष किसिमका अनसचित दबाबहरू,

डिजिटल निगरानी, कानुनी संयन्त्रको दुरुपयोग र सङ्कुचित हुँदै गएको नागरिक डबली (civic space) प्रति गम्भीर चिन्ता व्यक्त गर्दै;

मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षाका सवालहरूलाई ध्यानमा राख्दै र यसअघिका मानव अधिकार सम्मेलन, शिखर सम्मेलन तथा राष्ट्रिय महाभेलाहरूमा जारी गरिएका घोषणापत्रहरूसँग ऐक्यबद्धता प्रकट गर्दै;

हामी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवालाहरू पूर्ण प्रतिबद्धताका साथ निम्न कुराहरू कार्यान्वयन गर्न सामूहिक रूपमा आह्वान गर्दछौं:

१. मानव अधिकार रक्षकहरूले भयरहित तथा निष्पक्ष किसिमले काम गर्नका लागि अत्यावश्यक पर्ने पूर्ण विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा शान्तिपूर्वक भेला, धर्ना र प्रदर्शनीको स्वतन्त्रता सहितको नागरिक डबलीको संरक्षण गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

२. संघीय सरकारबाट अन्तर्राष्ट्रिय मापदण्डअनुरूप मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षासम्बन्धी वृहत र एकीकृत कानुन तर्जुमा गरी लागू गरियोस्।

३. नेपाल सरकारबाट महिला, दलित, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, आदिबासी जनजाति लगायतका सीमान्तकृत समुदाय र पिछडिएको क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरूले सामना गरिरहेको गम्भिर जोखिमहरूलाई सम्बोधन र न्यूनीकरण गर्ने गरी अन्तरसम्बन्धित लैङ्गिक-उत्तरदायी र सांस्कृतिक रूपमा संवेदनशील संरक्षणका उपायहरूको निशर्त कार्यान्वयन सुनिश्चित गरियोस् ।

४. मानव अधिकार रक्षकहरुको क्षमता अभिवृद्धि गर्दै निजहरुलाई विभिन्न सामुदायिक अभियानहरु सहितको राष्ट्रिय मञ्चहरूसँग जोडेर पछिल्लो समयमा विकसित हुँदै गएका सुरक्षा जोखिमहरूलाई न्युनिकरण गर्न सामुहिक रुपमा ऐक्यबद्धता प्रर्दशन गर्न सम्पूर्ण मानव अधिकार क्षेत्रमा काम गर्ने संघसंस्था र सरोकारवाला समक्ष हार्दिक अपिल गर्दछौं।

५. महिला, दलित, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, आदिबासी, जनजाति लगायतका सीमान्तकृत समुदाय र पिछडिएको क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकहरू विरुद्ध भौतिक तथा अलाइनमाध्यमबाट हुने जुनसुकै प्रकारका दुर्व्यवहारको अन्त्यको माग गर्दछौं।

६. मानव अधिकार रक्षकहरूलाई सरकारको विरोधी नभइ नेपाल सरकारले विभिन्न मानव अधिकार सन्धि, सम्झौता, संविधान, ऐन, कानुन, नीतिनियम मार्फत व्यक्त गरेको प्रतिबद्धतालाई व्यवहारिक कार्यन्वयनको लागि सहजकर्ताका रूपमा बुझ्न नेपाल सरकार तथा यसका संयन्त्रहरुलाई हार्दिक आह्वान गर्दछौं।

७. राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकार रक्षकसम्बन्धी निर्देशिकाहरू पूर्ण रूपमा कार्यान्वयन गर्न र नागरिक क्षेत्रको अनुगमन गर्न आह्वान गर्दै हामी मानव अधिकार रक्षकहरुको नीतिगत पहिचान र सो सम्बन्धमा राज्यको जवाफदेहिता माग गर्दछौं। साथै, आयोगले समुदाय तहका रक्षकहरूसँग प्रत्यक्ष रूपमा जोडिन र समुदाय स्तरमा हुने अधिकार उल्लंघनको व्यवस्थित रूपमा अनुगमन र दस्तावेजिकरण गर्न सक्रिय र स्वतन्त्र संयन्त्र सञ्चालन गर्न जोडदार माग गर्दछौं।

८. गम्भिर किसिमका मानव अधिकारका विषयमा अग्रपङ्क्तिमा रहेर काम गर्ने तथा समुदायस्तरमा रहेर काम गर्ने मानव अधिकार रक्षकहरूलाई प्रत्यक्ष रूपमा क्षमता अभिवृद्धि, मनोसामाजिक तथा मानसिक स्वास्थ्य सहयोग, पुनर्स्थापना केन्द्र, सुरक्षित स्थानान्तरण र संस्थागत ऐक्यबद्धता प्रदान गर्न एकीकृत संयन्त्र स्थापनाका लागि अपिल गर्दछौं।

९. मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण विभिन्न संघसंस्था तथा निकायहरुहरुले छुट्टाछुटै आफ्नै तरिकाले गर्ने गरेको र त्यसबाट त्यी अभिलेखहरुमा पटक पटक प्रश्नहरु समेत उठ्ने गरेकाले मानव अधिकार उल्लङ्घनका घटनाको प्रमाणहरु समेतको संरक्षण गर्न केन्द्रिय स्तरको अभिलेख कार्यालय स्थापना गर्ने जोडदार माग गर्दछौं।

१०. विभिन्न नाफामुखी राष्ट्रिय र अन्तर्राष्ट्रिय बहु-कम्पनीहरुले सामाजिक सञ्जाल लगायत तथा अन्य विद्युतीय प्याल्टफर्महरू सञ्चालन गर्ने गरेको र सो माध्यमबाट विभिन्न व्यक्ति तथा समूहहरुले संगठित र असंगठित रुपमा मिथ्या, भ्रामक, कपोकल्पित, अतिरंजित सूचनाहरु प्रवाह गरी विभिन्न किसिमको दुर्व्यवहार गर्ने गरेकोले सोबाट व्यक्तिको मानव अधिकार उल्लंघन हुने र त्यस्ता दुर्व्यवहार रोक्न सम्बन्धित प्यालटफर्मसँग सम्पर्क गर्न सहज नभएकाले पिडितहरु झन पिडित हुने अवस्था रहेको छ । सो अवस्थालाई अन्त्य गर्न सामाजिक प्याल्टफर्महरुलाई आवश्यक नियमन गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं। तर नियमन गर्दा नागरिक समाज, निजि क्षेत्र तथा विभिन्न पक्षहरुसँग समन्वय गर्नुहुन आवश्यक कदम चाल्न समेत माग गर्दछौं।

हामी मानव अधिकार रक्षक हाम्रो संकल्पमा एक्यबद्ध छौं। न्यायको लागि संघर्ष सामूहिक हुने भएकाले र कुनै एक मानव अधिकार रक्षकमाथिको खतरा सबैको अधिकारमाथिको खतरा हो भनी आत्मसात् गर्दछौं। हामी यस सम्मेलनबाट थप उर्जावान्, सङ्गठित र यस घोषणापत्रको कार्यान्वयनको अनुगमन गर्न प्रतिबद्ध छौं, जसले समुदायतहको अभियान देखि राष्ट्रिय नीतिसम्मको ऐक्यबद्धतालाई सहज रूपमा अगाडि बढाउने सुनिश्चित गर्नेछ ।

अनुमोदन मितिः जुन २२, २०२६ (सोमबार) अल्फा बिटा हाउस, नयाँ बानेश्वर, काठमाडौं, नेपाल

घोषणापत्र तयारी समिति

| | | |
|---|---|---|
| ……………………… | ……………………………….. | …………………….. |
| प्रवेश राज जोशी<br>संयोजक | अधिवक्ता कल्याण पोखरेल | अधिवक्ता बद्री भुसाल |

| | | |
|---|---|---|
| ……………………… | ……………………………….. | …………………….. |

अधिवक्ता श्याम कु. साह　　　अधिवक्ता सन्जिना क्षेत्री　　　अन्जु कँडेल

Alliance with 17 organizations:

1. एड्भोकेसी फोरम (Advocacy Forum)
2. एशियन एकडेमी फर पिश रिशर्च एण्ड डेभलपमेन्ट (Asian Academy for Peace Research and Development)
3. भुसाल ल एसोसियट (Bhusal Law Associates)
4. Change Action Nepal (CAN)
5. शान्तिका लागि साझा अभियान कोक्याप (Collective Campaign for Peace -COCAP)
6. डिजिटल राइट्स नेपाल (Digital Rights Nepal)
7. Environment and Rural Development Center (ENDRUCE) Banke
8. Human Rights and Justice Center (HRJC)
9. Human Rights Organizations of Nepal (HURON)
10. INSPIR Nepal
11. Jagriti Child and Youth Concern Nepal (JCYCN)
12. National Alliance for Human Rights Defenders (NAWHRD)
13. NGO Federation
14. Peer Learning Network (PLN)- Madhesh Province
15. Peace Brigades International Nepal (PBI)
16. Social Protection Civil Society Network (SPCSN)
17. Women Rehabilitation Center (WOREC)